# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## कृषि स्नातक प्राविधिक सेवा करारमा लिने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०६/२१

माण्डवी गाउँपालिकाको लागि तपसिलको पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयसम्म तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

**१. पदको विवरण**

| क्र स. | विज्ञापन नं. | सेवा करारमा लिने पद | तह | पद संख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| ०१ | ०४/०८०/८१ | कृषि स्नातक | छैठौ | १ | १०००/- |

**२.आवश्यक न्युनतम शैक्षिक योग्यता :** नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण भएको ।

**३. आवश्यक कागजात**: (क) नेपाली नागरिकताको प्रमाण पत्र (ख) हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो (ग) शैक्षिक योग्यताको प्रमाण पत्र (घ) अनुभव भए सो को कागजात ङ) दरखास्त दस्तुर बुझाएको नगदी रसिद, उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू १ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा पेश गर्न सकिनेछ।

**४. परीक्षाको किसिम**: लिखित र अन्तर्वार्ता ।

**५. दरखास्त दिने स्थान:** माण्डवी गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान।

**५. दरखास्त दिने अन्तिम मिति**: २०८०/०७/०५ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन।

**६.सम्पर्क मिति :** २०८०/०७/१२ गते, परीक्षाको मिति सम्पर्क मितिमा तोकिनेछ।

**७. उमेरको हद:** २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**८.पारिश्रमिक र सेवा सुविधा:**स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०८० को दफा ८ बमोजिम हुनेछ ।

**९. करार अवधि :**२०८१ असार मसान्त सम्म। श्रोत सुनिश्चितताको आधारमा कार्य सम्पादन सन्तोषजनक भएमा करार सम्झौतालाई निरन्तरता दिन सकिनेछ।

**१०.** आवेदनको ढाँचा, कृषि स्नातक प्राविधिकको कार्यविवरण स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०८० बमोजिम हुनेछ।

**११.थप जानकारीको लागि सम्पर्क नं :.**९८५७८३६००६ मा सम्पर्क गर्न सक्नुहुनेछ।

..........................
**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**